सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

# दैनिक ज्योती जागरण

Jyoti Jagran Daily

वर्ष: २ | अंक : १२९ | वि.सं. २०७९ मंसिर २३ गते शुक्रबार | 09, 2022 Thursday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## वीरगन्ज - पथलैया क्षेत्रलाई औद्योगिक करिडोर घोषणाको माग



वीरगन्ज । वीरगन्ज -पथलैया औद्योगिक करिडोरलाई विधिवत् रूपमा औद्योगिक करिडोरको मान्यता दिलाउन उद्योगीहरूले माग गरे पनि पूरा नभएको बताएका छन्।

विगतमा यस क्षेत्रबाट निर्वाचित सांसदले औद्योगिक क्षेत्रलाई औद्योगिक करिडोर घोषणा गराउन चुनावी एजेन्डा बनाए पनि पूरा नगरेको उद्योगीहरूले बताएका हुन्। सरकारले पनि यस औद्योगिक करिडोरलाई मौखिक रूपमा औद्योगिक करिडोर भने पनि घोषणा भने नगरेको अवस्था छ ।

नेपालकै सबैभन्दा ठूलो औद्योगिक करिडोरलाई यस क्षेत्रका निर्वाचित सांसदसहितका नेताहरूले यसप्रति खासै चासो नदेखाएको गुनासो छ।

वीरगन्ज-पथलैया औद्योगिक करिडोर बाराको क्षेत्र नम्बर ४ र पर्साको क्षेत्र नम्बर १ मा पर्छ। गत ०७४ सालको निर्वाचनमा पनि बारा र पर्साका औद्योगिक क्षेत्रका सांसदले यस क्षेत्रलाई औद्योगिक करिडोर घोषणा गराउन आश्वासन दिएका थिए ।

तर, त्यो हालसम्म पूरा गर्न कुनै पनि पहल नभएको र आश्वासनको समयसीमा पनि सकिएको अवस्था छ ।

नेपालकै सबैभन्दा बढी लगानी भएको 'वीरगन्ज-पथलैया औद्योगिक करिडोर'लाई राज्यले विधिवत् रूपमा घोषणा गर्नुपर्ने, उद्योग प्रतिष्ठानमा दिनहुँ हुने श्रम समस्या, औद्योगिक करिडोरलाई आवश्यक भौतिक पूर्वाधारप्रति राज्यले गरेको बेवास्ता, लचिलो वैदेशिक लगानी नीति, औद्योगिक करिडोरमा राज्यद्वारा लगाइने कर नीतिबारे मुख्य रूपमा उनीहरूले सरकारको ध्यानाकर्षण गराउँदै आएका छन्।

यस्तै, यस क्षेत्रमा बन्द रहेका वीरगन्ज चिनी कारखाना तथा

***बाँकी तेश्रो पृष्ठमा***

## मधेश प्रदेशसभामा १० दलको सहभागिता रहने



मधेश प्रदेशको प्रदेशसभामा १० दलको प्रतिनिधित्व हुने भएको छ । मंसिर ४ मा सम्पन्न निर्वाचनको प्रत्यक्ष तथा समानुपातिक तर्फको मत परिणाम आइसकेपछि १० दलले प्रदेशसभामा उपस्थिति जनाउने भएको हो । १०७ सिट रहेको मधेश प्रदेश सभामा प्रत्यक्षमा १५ सिट जितेको नेकपा एमालेले समानुपातिकमा ८ सिट थपेर २३ सिट प्राप्त गर्दै पहिलो दल बनेको छ।यस्तै, प्रत्यक्षमा १३ सिट जितेको कांग्रेसले समानुपातिकमा सबैभन्दा बढी ९ सिट जिते पनि २२ सिटसहित दोस्रो स्थानमा छ।२०७४ को निर्वाचनमा मधेशमा पहिलो दल बनेको जसपा यसपालि प्रदेश सभामा तेस्रो दल बनेको छ। जसपाले प्रत्यक्षमा ९ र समानुपातिकमा ७ सहित १६ सिट जितेको छ।प्रत्यक्षमा ६ सिट जितेको जनमत पार्टीले समानुपातिकमा ७ सिट हासिल गरी १३ सिटसहित चौथो दल बन्दा लोकतान्त्रिक समाजवादी पार्टीले प्रत्यक्षमा ७ र समानुपातिकमा दुई सिट पाएर पाँचौं दल भएको छ । मधेशमा माओवादीले प्रत्यक्ष र समानुपातिकमा चार/चार गरी ८ सिट जितेको छ भने नेकपा (एकीकृत समाजवादी) ले प्रत्यक्षमा ४ र समानुपातिकमा ३ सिट पाएको छ। प्रत्यक्षमा ६ सांसद स्वतन्त्र उम्मेदवारीबाट आएका छन्। राप्रपा, नेपाल संघीय समाजवादी र नागरिक उन्मुक्ति पार्टीले प्रत्यक्ष तर्फ नजितेपनि समानुपातिकतर्फ एक/एक सिट जितेका छन्।

## रेडियो वीरगंजको बार्षिकोत्सवको अवसरमा वृहत्त रक्तदान कार्यक्रमको आयोजना गरिने



**वीरगंज, २२ मंसिर** / मध्य तराईको पहिलो रेडियो 'रेडियो वीरगंज ९९ मेघाहर्ज' ले आफ्नो बार्षिकोत्सवको अवसरमा वृहत्त रक्तदान कार्यक्रमको आयोजना गर्ने भएको छ । रेडियो यही २६ गते २० औं वर्ष पुरा गरि २१ औं वर्षमा प्रवेश गरेको अवसरमा मंसिर २४ गते रेडियो परिसरमै वृहत्त रक्तदान कार्यक्रमको आयोजना गर्ने भएको रेडियोका कार्यकारी अध्यक्ष ध्रुव साहले जानकारी दिए ।

समाज रुपान्तरण र सामाजिक क्षेत्रमा समेत रेडियो वीरगंजले खेल्दै आएको यस रेडियो वीरगंजको बार्षिकोत्सवको अवसरमा आयोजना गरिने वृहत्त रक्तदान कार्यक्रममा सहभागी हुन रेडियो श्रोता, सुभचिन्तक एवं सञ्चारकर्मीहरुलाई अध्यक्ष साहले आग्रह समेत गरे । रेडियो वीरगंजले यस पटक सार्वजनिक रुपमा रक्तदान कार्यक्रमको आयोजना गर्नुका साथै पूर्व सहकर्मी एवं सहयोगी पत्रकार स्व. नरेश सर्राफलको यही मंसिर १५ गते भएको असामयिक निधनको कारण वृहत्त साँस्कृत्तिक कार्यक्रम गर्ने योजना यस वर्षको लागि स्थगित गरिएको अध्यक्ष साहले जानकारी दिए ।

***बाँकी तेश्रो पृष्ठमा***

## राष्ट्रिय स्वतन्त्र पार्टीमा समानुपातिक सांसद चयन प्रक्रिया विवाद




वीरगंज । राष्ट्रिय स्वतन्त्र पार्टीमा समानुपातिक सांसदमा नाम छनौटका विषयमा विवाद देखिएको छ । समानुपातिक पद्धतिमा सांसद चयन गर्दा विधि मिच्न खोजिएको भन्दै

***बाँकी अन्तिम पृष्ठमा***

## पत्रकार सर्राफको श्रद्धाञ्जली सभा : सत्यको पक्षमा कलम चलाउने पत्रकार गुमाएको भन्दै दु:ख व्यक्त

**वीरगञ्ज । हृदयघातका कारण अल्पायुमै निधन भएका पर्साका सक्रिय पत्रकार स्वर्गीय नरेश सर्राफ कहिले पनि बिर्सिन नसक्ने व्यक्ति रहेको वक्ताहरुले बताएका छन् ।**

क्रियाशील युवा पत्रकार मञ्च नेपाल पर्साले स्व. सर्राफको सम्झनामा बिहिवार आयोजना गरेको श्रद्धाञ्जली सभालाई सम्बोधन गर्ने वक्ताहरुले सर्राफको व्यक्तित्वको बारेमा चर्चा गर्दै पर्सा जिल्लाको पत्रकारितामा उनको छुट्टै योगदान रहेका बताएका थिए ।




मञ्चका अध्यक्ष प्रणाय कुमारको सभापतित्वमा सम्पन्न श्रद्धाञ्जली सभालाई सम्बोधन गर्दै नेपाल पत्रकार महासंघ मधेश प्रदेशका महासचिव श्याम बन्जाराले स्वर्गीय सर्राफको सद्गुण, स्वभाव र आचरणलाई अनुकरण गर्नुपर्नेमा जोड दिएका छन् ।

निष्ठाको पत्रकारिता गर्ने सर्राफ व्यवसायिक पत्रकार भएको बताउँदै उनले भने,उनी एक असल पत्रकार थिए, असल मान्छे कसैको हुँदैन, सबैको हुन्छ । अब हामीले पनि व्यवसायिक पत्रकारिता गरेर समाजलाई सकारात्मक बाटोतर्फ डोऱ्याउने काम गरेपछि मात्रै उनको आत्माले पनि शान्ति पाउनेछ ।

मधेश प्रदेश प्रेस काउन्सिलका अध्यक्ष एवम् पत्रकार महासंघ सप्तरीका संस्थापक सभापति शिवहरी प्रसाद भट्टराईप्रति पनि श्रद्धाञ्जली अर्पण गर्दै यही समयमा २ जना पत्रकारको निधनले पत्रकारिता जगत स्तब्ध भएको पनि बन्जाराले बताए ।

नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष अनुप तिवारीले पनि उनको निधनले पर्साको पत्रकारीता क्षेत्रमा अपुर्णिय क्षती भएको बताए । सर्राफ जस्तो निष्ठावान र ईमान्दार पत्रकार गुमाउनु अत्यन्तै दुखद विषय भएको बताउँदै उनले सर्राफजस्तै मृत्युपर्यन्त पनि सम्झिने खालको पत्रकारिता गर्न अरुलाई पनि आग्रह गरेका छन् ।

आँखामा राख्दा पनि नबिझाउने किसिमको स्वर्गीय सर्राफको स्वभाव अनुकरण एवम् अनुसरण गर्ने

***बाँकी तेश्रो पृष्ठमा***



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक
ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com
मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# लुइँचेका दुइटा भाले

**महेन्द्र पीरु. लामा**

हाम्रा म्हेम्हे-बाजेले सुनाउने दन्त्यकथाहरूमध्ये बढी चाखलाग्दो कुरोचाहिँ जंगली कुखुरा लुइँचेका भालेहरूबारे हुन्थ्यो ।

आआफ्ना पोथीहरूलाई लिएर हिँड्दै गरेका लुइँचेका भालेहरू एकअर्कोलाई देख्नासाथ हुर्रिएर गई झम्टिन्छन् रे अनि ठुँग्दै भुत्ल्याउँछन् रे ! पोथीहरू अवाक् भएर अललिन्छन् रे ! दक्षिण भारतमा प्रचलित कक फाइटको सुरुआत पनि लगभग यसरी नै भएको मानिन्छ ।

विश्वविद्यालयमा विद्यार्थी अवस्थामा अन्तर्राष्ट्रिय सम्बन्धबारे लेक्चर सुन्दा र पछि घोक्दै जाँदा, म्हेम्हे-बाजे र लुइँचेका भालेहरूको झलझली याद आउँथ्यो । त्यसताक विश्वको जंगलमा अमेरिका र सोभियत संघजस्ता लुइँचेका भालेहरू थिए र सदैव शीतयुद्ध (कोल्डवार) मा पर्थे । आआफ्ना पोथीहरूका झुन्ड नै बनाउँथे र बथानै भएर एकअर्कालाई चुनौती दिई नै रहन्थे । र नै सोभियत संघले सन् १९७९ मा अफगानिस्तानमा अड्डा जमाएपछि भयानक अस्थिरता देखा पऱ्यो । सोभियत संघ टुक्रै भयो ।

सन् २००१ मा वर्ल्ड ट्रेड सेन्टरमा भीषण हमला भएपछि अमेरिका फेरि अफगानिस्तान फर्कियो । अनि सन् २०२१ मा सबैलाई बिल्लिबाठ बनाएर, हारै खाएर तालिवानलाई सत्ता सुम्पिई दक्षिण एसिया छोड्यो ।

२१ औं शताब्दीका गत दुई दशकमा अमेरिका र चीन लुइँचेका दुइटा भाले भई विश्वरंगमञ्चमा आए । सोभियत संघ सन् १९९१ मा टुक्राटुक्रा भएपछि अमेरिकाको वर्चस्व द्रुत गतिमा बढ्यो र अब विश्वव्यवस्था एकतर्फीय-ध्रुवीय (युनिपोलर) भयो भन्दै अमेरिकाले चारैतिर ढोल पिट्न थाल्यो ।

अमेरिकाले जे भन्छ, अरू राष्ट्रले मान्नैपर्ने; जसले मान्दैन, उसलाई ठीक पार्ने प्रवृत्ति देखाउन थाल्यो । इराकमा नरसंहार गर्ने हातहतियार छन् भन्ने झुठो आरोप र प्रोपगान्डा गरेर व्यापक हमला गरी राष्ट्रपति सद्दाम हुसेन र उनका सबै परिवारको हत्या गरेर त्यहाँका तेलखानीहरूमा अड्डै जमायो । सन् १९९९ मा शान्त सर्वियामा हमला गरेर कोसोभोलाई अलग्गै बनाइछाड्यो ।

अमेरिकाको विदेशनीतिकै सैन्यकरण गरियो । चारैतिर हमला र विध्वंस मात्रै गऱ्यो । मानवतामाथिका यी सब आघातलाई अमेरिकाकै रक्षामन्त्री रोबर्ट गेट्सले आफ्नो पुस्तक 'एक्सरसाइज अफ पावर' (सन् २०२१) मा अति नै घतलाग्दो ढंगमा प्रस्तुत गरेका छन् ।

नभन्दै अमेरिकाको एकध्रुवीय सोच अन्त गर्न फेरि रुस ब्युँझियो । रुसले युक्रेनमा हमला गरेपछि र युद्ध नै छेडेपछि अमेरिका अतालियो, नेटोका सदस्यराष्ट्रहरूसँग मिली गतिलै रूपमा आर्थिक अनि अन्य प्रतिबन्ध लगायो । रुसबाटै जाने खनिज तेल र ग्याससमा निर्भर रहेका नेटोका प्रायः सदस्यराष्ट्र भीरको चिन्दो नै भए ।

युक्रेन हमलामा रुसका पारम्परिक मित्रराष्ट्रहरू भारत र चीन रुससँगै बसे । तर रुसभन्दा पनि व्यापक एवं गम्भीर चुनौतीका रूपमा चीन नै आफूअघि अटल भई उभिन पुगेपछि अमेरिकाले चारैतर्फ चीनको खोइरो खन्न थाल्यो ।

कोरोना महामारीसमेत विश्वमा फैलाएको प्रोपगान्डादेखि चीनले विश्वशान्ति नै भंग गर्छ र उथलपुथल-अस्थिरता ल्याउँछ भन्ने भ्रमको कथा (न्यारेटिभ) अमेरिकाले चारैतिर फैलाउन थाल्यो । आज विश्वमा लुइँचेका यी दुई भालेहरू (अमेरिका र चीन) बीचको जुधाइ-झडप अति नै रोचक हुँदै गइरहेको छ । अमेरिका आक्रामक हुँदा चीन महा-आक्रामक भई देखा पर्दै छ । अमेरिकाले चीनप्रति छिःछिः-दूरदूर गर्नलाई विश्वसमूहमाझ विभिन्न कथा-बयानहरू अघि ल्याउँदै छ । चीन पनि पछि हटेर स्वीकार गर्ने कुरै गर्दैन, उल्टो अमेरिकाले कथा-बयानहरू अघि बढाएर विश्वलाई हावा मिठाई खुवाएको हो भन्दै अमेरिकाविरुद्ध अझै व्यापक वादविवाद छेड्ने गर्दै छ । दस वर्षअघिसम्म चुपचाप बस्ने चीन, अमेरिकाले लगाएको आरोपको मात्रै खण्डन गर्ने चीन आज किन झनै आक्रामक भयो भन्ने प्रश्नहरू चारैतिर सोधिँदै छन् ।

चीनको विदेशनीति नै फेरिएको हो त ? के चीनको विदेशनीति र कूटनीतिलाई अघि सार्न विश्वभरि छरिएका चिनियाँ कूटनीतिज्ञ (डिप्लोमेट) हरूमा नयाँ पिँढी अघि आएको हो ? वा, उनीहरूलाई आक्रामक कूटनीतिज्ञका रूपमा प्रशिक्षण दिइएको हो ? प्रश्नैप्रश्न तेर्सिँदै छन् ।

अर्कातिर, अमेरिकाको सर्वोच्च जासुसी एजेन्सी सीआईएका अहिलेका निर्देशक विल बर्न्सले नै अमेरिकी कूटनीतिलाई विलुप्त भएको कला (लस्ट आर्ट) भनेपछि अमेरिकामा हाहाकार मच्चियो ।

गत दुई दशकमा अमेरिकाले सम्पूर्ण विश्वसमुदाय र राष्ट्रहरूलाई यति हल्का प्रकारले लियो कि ऊ आफ्नो शक्ति, आडम्बर र विश्वनियन्त्रण गर्ने कलाले उन्मत्त भएको सबैले महसुस गरेकै हुन् । अझै राष्ट्रपति डोनाल्ड ट्रम्पले त विदेशनीति, कूटनीति र कूटनीतिज्ञहरू चाहिँदैनन् नै भन्दै 'अमेरिका फर्स्ट' को नीतिको घोडा चढे । ट्रम्प यतिसम्म भन्ने भए कि, अब अमेरिकालाई जर्ज केनानजस्ता कूटनीतिज्ञ चाहिँदैन ।

केनान विश्वप्रख्यात अमेरिकी कूटनीतिज्ञ थिए जसले अमेरिकाले सोभियत संघलाई गहकिलै चुनौती दिने नीतिबाहेक प्रसिद्ध ट्रुम्यान डक्ट्रिन बनाउनमा भूमिका निभाएका थिए । ट्रम्पले विदेशनीति बनाउने आफ्नै संस्थाहरूलाई लगभग भत्काउन नै खोजे र आफूलाई संस्था र राष्ट्रभन्दा पनि माथि राख्ने अद्भुत प्रवृत्ति देखाए । अमेरिकालाई यस किसिमको प्रवृत्ति अति नै महँगो र आघातपूर्ण साबित भयो ।

चीन भने कहाँबाट कहाँ पुग्यो, हरेक क्षेत्रमा ! केचाहिँ भएन चीनमा ? अनिकालले खर्लप्प खाएको अवस्थाबाट बाहिर निस्कनासाथ, माओ त्सेतुङको हिंसात्मक सांस्कृतिक क्रान्तिले एक दशक पूरा सतायो । सन् १९७६ देखि देङ स्याओपिङले राष्ट्रको परिस्थिति, व्यवस्था र आर्थिकस्तर सुहाउँदिलो विदेशनीति अपनाए ।

सबैलाई आह्वान गरे- 'अब हाइड एन्ड बाइडको कूटनीति गर्नुपर्छ, आफूलाई कहिल्यै प्रदर्शन नगर र नेतृत्व गर्ने जमर्कोतिर पटक्कै नलाग ।' अर्थात्, जबसम्म चीनले टक्कर दिने सामर्थ्य प्राप्त गर्दैन तबसम्म श्वास-प्रश्वास गर्ने ठाउँ खोज र बिस्तारै अघि बढ । र नै सन् १९७९ देखि सन् १९९९ सम्म चीनले विश्वकै सहायता पायो । अमेरिका, जापान, जर्मनी, इङ्ल्यान्ड सबै पुगे चीनलाई हरेक क्षेत्रमा सघाउन ।

गरिबी घट्यो, बाटाघाटा बने, कलकारखाना बने, शिक्षा-स्वास्थ्यको विकास भयो, विदेशी पुँजी निवेशकर्ता र बहुराष्ट्रिय कम्पनीहरूको घुइँचो भो त्यहाँ ।

भारतका एक प्रभावशाली कूटनीतिज्ञ के. नटवर सिंहले आफ्नो पुस्तक 'माई चाइना डायरी' (सन् २००९) मा लेखेका छन्- जब उनी भारत सरकारको तरुण कूटनीतिज्ञका रूपमा सन् १९५६ मा चीन गए, तिनताक चीनको अर्थव्यवस्था अति नै सोचनीय र रुग्ण थियो ।

उनी हडकड भएर बेइजिङ जाँदा चीनका डाक्टरहरूले 'कृपया, अर्को पटक आउँदा स्टेथस्कोप ल्याइदिनुहोला' सम्म भन्थे । अर्थात्, चीनमा बुनियादी स्वास्थ्यको टेक्नोलजीसम्म थिएन । त्यस्तो स्थितिबाट चीन आज आर्थिक रूपले

बाँकी तेस्रो पृष्ठमा

# आफैं लघारिँदै कम्युनिस्ट पार्टीहरु

**झलक सुवेदी**

आमनिर्वाचनको पूर्वसन्ध्यामा एउटा टीभी च्यानलसँगको अन्तर्वार्तामा नेकपा एमालेका अध्यक्ष कमरेड केपी ओलीले दाबी गरेका थिए, 'दुईचार सिट तलमाथि होला तर प्रत्यक्षतर्फ १०० सिट ल्याउँछौं । सुविधाजनक बहुमत ल्याएर सरकार बनाउँछौं ।'

कार्यक्रम प्रस्तोता र अतिथिका बीचमा नोकझोकजस्तो सवालजवाफ पनि भएको थियो । त्यसको चौथो साता लाग्दै गर्दा निर्वाचन परिणाम अन्तिम चरणमा छ । एमालेले ४४ सिट जितेको छ, जुन २०७४ सालको भन्दा ३६ सिट (४५ प्रतिशत) ले कम हो । उक्त अन्तर्वार्तामा प्रस्तोता टीकाराम यात्रीले एमाले अध्यक्ष ओलीलाई अर्को एउटा प्रश्न पनि गरेका थिए, 'तपाईंको अनुमानभन्दा ५० अंकले कम आयो भने ?' ओलीको प्रतिवाद खरो खालको थियो तर परिणाम यात्रीको प्रश्न अनुरूपको आएको छ ।

निर्वाचनअघि त्यस्तो भनिनु स्वाभाविक थियो, दाबी र आत्मविश्वाससहित मत माग्नु मतदातामा मनोवैज्ञानिक दबाब सृजना गर्ने कुशलता पनि हो । यस मामिलामा यस पटकको निर्वाचनको एकल प्रस्तुति कमरेड ओलीकै थियो । अब भने दाबी र मनोवैज्ञानिक दबाबको समय गुज्रिएको छ ।

जनताको अभिमतले सबै दलको वास्तविक हैसियत देखाइदिइसकेको छ । र निर्वाचनको जनादेशका प्रत्यक्ष-अप्रत्यक्ष अर्थ केलाउने समय आएको छ । यस आलेखमा निर्वाचनपछि नेपालका कम्युनिस्ट पार्टीहरूको अवस्था र सम्भावनाका बारेमा केही छलफल गरिनेछ ।

पाँच वर्षअघि र पछि

प्रत्यक्षतर्फ यस पटक नेकपा एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादीसमेत गरेर मुख्य कम्युनिस्ट पार्टीहरूले जम्मा ७२ सिट ल्याएका छन् । अघिल्लो निर्वाचनमा अविभाजित एमालेले ८० र माओवादी केन्द्रले ३६ सिट ल्याएका थिए । समानुपातिकतर्फ एमालेको ३३.२५ र माओवादीको १३.६६ प्रतिशत मत आएको थियो जसका आधारमा एमालेले ४१ सिट र माओवादी केन्द्रले १७ सिट पाएका थिए । यसरी एमाले र माओवादी केन्द्रले मात्रै, अरू वाम छाडेर, प्रतिनिधिसभाका कुल २७५ सिटमध्ये १७४ (६३.२७ प्रतिशत) सिट जितेका थिए । कुल खसेको मतको जम्मा ४६.९१ मत पाएका थिए । अरू साना वामसमेत मिलाउँदा यो ५० प्रतिशतको नजिक हुन आउँथ्यो । त्यस निर्वाचनमा वामपन्थी दलहरू (एमाले, माओवादी केन्द्र र जनमोर्चा) गठबन्धन बनाएर निर्वाचनमा गएका थिए र झन्डै दुईतिहाइ सिट जितेका थिए ।

पाँच वर्षपछिको निर्वाचनको चित्र भने कम्युनिस्ट पार्टीहरूका लागि उत्साहप्रद देखिएन । यस पटक वाम गठबन्धनले त्यति बेला दिएको स्थिर सरकारको नारा बीचैमा अलपत्र परेको; एमाले र माओवादी केन्द्रबीच एकता र विभाजन भएको; एकीकृत नेकपा एमाले ने ओली एमाले, माधव-झलनाथ एमाले, वामदेव एमाले, थोरै भए पनि घनश्याम एमालेमा विभाजित भएको जनताले हेरिरहेका थिए ।

पार्टी विभाजनमा नेकपा एमालेतिरै बसेका माओवादी केन्द्रका नेताहरूमध्ये प्रभु शाह उम्मेदवारी दर्ता गर्ने दिनमै एमाले छाडेर स्वतन्त्र उठेका थिए । त्यसमाथि असमय गरिएको संसद् विघटन र त्यसवरपर एकीकृत पार्टीमा देखिएको भाँडभैलो पनि जनताको मन उदासीन बनाउन पर्याप्त थियो ।

र कांग्रेससँग एकीकृत समाजवादी र माओवादी केन्द्रसहित जनमोर्चाको पनि गठबन्धन थियो । यस पटक एमालेले अहिलेसम्म प्रत्यक्षमा ४४ (२६.६७), समानुपातिकतर्फ ल्याएको २७.२३ प्रतिशत मतका आधारमा सम्भावित ३४ सिटसहित ७८ सिट पुऱ्याउनेछ । यो अघिल्लो पटक एमालेले जितेको प्रत्यक्षतर्फका कुल सिटभन्दा २ सिट कम हो ।

माओवादी केन्द्रले प्रत्यक्षमा १८ र समानुपातिकको ११ प्रतिशत मत हाराहारी गरेर १४ सिट जित्दा सिटसंख्या ३२ पुऱ्याउनेछ । एकीकृत समाजवादीले १० सिट जितेको छ । यसरी कुल २७५ सिटमध्ये एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादीसमेत गर्दा १२० सिट जित्नेछन् । यो संख्या गत निर्वाचनमा एमाले एक्लैले जितेका १२१ सिटभन्दा पनि १ सिटले कम हो । यसरी हेर्दा यी पाँच वर्षमा नेपालका ठूला कम्युनिस्ट पार्टीले कम्तीमा ५४ (३० प्रतिशतभन्दा बढी) सिट गुमाएका छन् । कम्युनिस्ट पार्टीले ल्याएको मतभार पनि अघिल्लो ४६ प्रतिशतबाट घटेर ४० प्रतिशतमा खुम्चिएको छ । अर्थात्, पहिले कम्युनिस्ट पार्टीहरूलाई विश्वास गरेका ६ प्रतिशत जनताले यसपालि मुन्टो फर्काएका छन् । यो सिटसंख्यामा पनि माओवादी केन्द्र र एकीकृत समाजवादीलाई कांग्रेसको तथा एमालेलाई जसपा र राप्रपाको सहयोग र भरथेग छ । उक्त हिसाब मिलान गर्दा माओवादी केन्द्र र एकीकृत समाजवादीको वास्तविक सिटसंख्या योभन्दा कम हुन सक्थ्यो भने, एकल प्रतिस्पर्धामा जाँदा एमालेले जित्ने सिटसंख्या योभन्दा बढ्न सक्थ्यो । गठबन्धन नभएको अवस्थामा पनि

बाँकी तेस्रो पृष्ठमा

# अनि, उनले स्कुल छाडिन्

**शिव उप्रेती**

महिला हिंसाविरुद्धको १६ दिने अभियान

गोरखा बजारको एउटा कुनामा सुनेवतीको डेरा छ। घर यसै असुरक्षित, एक हात चौडा पिँढी र मुस्किलले दुई हात फराकिलो आँगनमा टेकेर उभिएको जीर्ण टहरो। अर्थात् उनको रात काट्ने थलो। साहुले छाडेको यस घरमा सुनेवती, ९ वर्षकी बहिनी र आमामात्र त्यहाँ बास गर्छन्।

उमेरले १३ पुगे पनि उनी कक्षा ५ मा पढ्छिन्। खै किन हो, सानैदेखि बहिनी र उनी भिन्दाभिन्दै स्कुलमा पढ्छन्। पढ्छिन् पनि के भन्ने, दसैंपछि स्कुलमा पाइला राखेकै छैनन्। दुई महिना गयल भएपछि अब कुन मुख देखाउन जाने स्कुल ।

यसै अरू साथीभन्दा ठूली, त्यसमाथि पनि गयल भएको दुई महिना बितिसक्यो। वैशाखमै उनले 'कक्षा फड्किएर पढ्न पाइन्छ कि पाइँदैन', भनेर मनले खाने मिसलाई सोधेकी थिइन्। उनको जस्तो लवस्तरो पढाइ भएकाले कक्षा फड्किन नमिल्ने उत्तरले नाजवाफ भएकी थिइन्।

तीजका बेला भएको घटनालाई त पैतालामुनि राखेकै थिइन्, तर जब भाइटीकाको दिन पनि त्यस्तै घटना दोहोरियो। उनलाई लाग्यो, 'यसपाल त पक्कै पनि सर मिसले पनि थाहा पाइसके होलान्।' त्यसैले उनले स्कुल जान छाडिन्। स्कुल मात्र छाडिनन्, डेरा पनि छाडिन्, आमालाई पनि छाडिन्।

अचेल उनी फुपूको डेरामा काम सघाएर बस्छिन्। 'त्यसको घर बाटैमा छ। स्कुल जाँदा आउँदा समात्छ कि भनेर फस्याङ-फस्याङ हुन्छु त्यसैले घरबाटै निस्किन मन लाग्दैन', उनी भन्छिन्। 'त्यो' उनलाई राक्षसजस्तै भयावह लाग्छ।

गत जेठदेखि हो, उनी त्यसको हिंसामा पर्न थालेको। 'नआइज भन्दा'नि नटेरी-नटेरी कोठामा आउँछ। रातभरि चलेर बस्छ। आए'नि रक्सी नखाई आए त हुन्थ्यो', सुनेवतीले एक श्वासमा भनिन्, 'रक्सीले मातेर मलाई जथाभावी गर्छ, जहाँ पायो त्यहीँ चलाउँछ। चिमोटेर हैरान पार्छ, कोठामा ढङ्याङढुङुङ गर्छ। कहिले दुई हजार, कहिले पाँच हजार दिन्छ। चाहिँदैन तेरो पैसा। तेरै स्वास्नी, छोराछोरीले पनि दुःख पाएका छन्। तेरै छोराछोरीलाई दे भन्छु, मान्दैन।' बाउको उमेरको परपुरुष सधैं रात काट्न आउँदा उनको डरको सीमा हुँदैन, तर भन्ने कसलाई ? उमेर सानो छ, त्यसैले उसको गतिविधि मन पर्दैन तर चुपचाप सहनुपर्छ, हल्ला गरौं भने बाहिरकाले थाहा पाउँछन्, आफ्नै बेइज्जत हुन्छ।

उनी उसको छोरीकै उमेरकी हुन्। ऊ करिब-करिब ४० वर्ष पुगेको सुनेवतीलाई अड्कल छ। 'सधैं रातिराति आमा भएको ठाउँमा रक्सी खान आउँछ। अनि आमालाई छोडेर मेरो कोठामा आउँछ', उनी भन्छिन्, 'एक दिन होइन, दुई दिन होइन, सधैं। तीजको बेलामा मैले उसको छोरालाई सबै कुरा सुनाइदिएँ, 'तेरो बाउ त सधैं रातिराति हाम्रो घरमा आउँछ, यसोयसो गर्छ, तह लगा' भनेर।' त्यसपछि उसको घरझगडा भयो। दुई पक्षबीच गोप्य खालको कचहरी बस्यो। अबदेखि यसो गर्दिनँ भनेर उसले माफी माग्यो।'

आमा निदाएपछि ऊ उनको कोठामा लर्खराउँदै पुग्थ्यो। उनी आजित भइन्। अचेल उनी त्यो मान्छे र आमा दुवैजना राक्षस झैं भयानक लाग्छन्। दुवैजना देखेर भयभीत हुन्छिन्। 'यस्तो समस्या कसलाई भनुँ, कसलाई सुनाउँ', शब्दैपिच्छे सुनेवतीको आँसुका डल्ला गालाको बाटो गुडुल्किन्छन्, 'अति भएपछि एकदिन मैले सलको पासो लगाएँ। बलोमा फेर लगाएँ तर भाइ र बहिनी सम्झिएँ। बेस्सरी रोएँ। अनि अब यो घरमै बस्दिनँ भनेर फुपूको घरमा आएँ।' उनी मात्र गइनन्, बहिनी पनि उनको पछि लागेर गइन्।

उनको उपस्थिति फुपूलाई सजिलो लाग्दैन भन्ने कुरा राम्ररी थाहा थियो, किनभने आमा र फुपूको सम्बन्ध सुमधुर थिएन। त्यसमाथि बहिनी पनि थपिँदा झन् बोझ बढ्ने नै भयो। फुपूको घरमा बस्न आए पनि सुनेवतीले त्यो परपुरुषको डर, धाक, धम्कीबाट मुक्ति पाइनन्। 'अति भयो भनेर मान्छे बटुलें। कचहरी बस्यो। पुलिसमा उजुरी दिन्छु भनेर थर्काएँ। राति अबेरसम्म गाउँ समाजले अब एकफेरका लागि माफी दिन भने। सुनेवती त पटक्कै मानेकी थिइन्। तर सबै मान्नेगुन्नेले सम्झाइबुझाइ गरिहाले भनेर माफी मगाएर छोडियो', उनी भन्छिन्।

समाजले गरेको छिनोफानोले उनको मन भारी भयो, किनभने समाजको निसाफ बालिकामैत्री नभै पुरुषमैत्री भयो। 'मैले त पुलिस बोलाएर समातेर थुन्दिम् भनेको हो, कोही पनि मानेनन्। थुनेकै हेर्न चाहन्छु', उनको गुनासो छ।

आमाले दिन नसकेको निसाफ फुपूले दिइन् तर यो निसाफले उनको आत्मालाई कोक्याइरहेको छ। त्यसदिनदेखि ऊ त आउन छाड्यो तर सुनेवतीलाई घरबाट बाहिर निस्कन भने झन् गाह्रो भयो। उनी न घरमा पुनर्स्थापित हुन सकिन्, न समाजमा। घरको अभिभावक बिग्रे भने जहान परिवारले दुःख पाउँछन् भन्छिन्, फुपू। 'यहाँ नङमा लाउने माटो पनि छैन। पेट पाल्ने बाटो पनि छैन ।

बिहेको गहना बेचेर सुँगुर पाल्न थालें, अलिअलि कमाइ हुन थाल्यो', फुपू भन्छिन्, 'त्यसपछि त्यो सुनेवतीको खलक हामी नि आउँछौं भन्न थाले। दुःख गरेर खाने हो भनेर बोलाएँ, तर, सुनेवतीको आमाले काममको लय समातिन। पिएर लतारिन थालेपछि निकाल्दिएको हो।' त्यसपछि सम्बन्ध राम्रो छैन।

फुपूसित टाढिए पनि सुनेवतीकी आमाले निर्माणको काममा ज्याला मजदुरी गरेर पेट पाल्ने काम सुरु गरिन्। बचेको पैसाले रक्सी खाने

बाँकी अन्तिम पृष्ठमा

## लुइँचेका......

विश्वकै दोस्रो सम्पन्न राष्ट्रको स्थानमा पुग्यो ।

देङ स्याओपिङको सन् १९७९ उप्रान्तको विदेशनीति र त्यही राष्ट्रको सन् १९६० को दशकको नीतिमा आकाश-पातालको फरक थियो । सन् १९५०-६० को दशकमा त्यहाँका शक्तिशाली नेता चाउ एनलाईले विदेशनीति र कूटनीतिलाई केवल सामरिक-सैन्य दृष्टिकोणमा लिने गर्थे । र नै सन् १९६२ मा भारतसँग युद्ध छेड्नुमा उनको भूमिका अहं थियो । उनी भन्थे– कूटनीति भनेकै अरू यन्त्रतन्त्रले गरेको युद्धको विस्तार हो । अर्थात्, युद्धमा सैन्य दल (पिपल्स लिबरेसन आर्मी) जान्छ, कूटनीतिमा त्यही सैन्य दललाई नै गैरसैन्य वेशभूषा (सिभिल ड्रेस) मा पठाइन्छ । कूटनीतिको अर्थ नै अरूलाई आफूले चाहेको कुरो गराउन सक्नु वा गर्न बाध्य बनाउनु हो । कूटनीति गर्दा अरूले भनेको सुन्नुपर्छ तर गर्नचाहिँ आफैंले चाहेको कुरो गर्नुपर्छ । चाउ एनलाईले भारतका तिनताकका प्रधानमन्त्री पण्डित नेहरूसँग बातचित गर्दा यही मार्ग अपनाए । उपनिवेशवादबाट किन-कसरी-कहिले छुटकारा पाउनुपर्छ र पाउँछौं भनी पण्डित नेहरूले विश्वसमुदायलाई दिएको सरसल्लाह-ज्ञान-भाषण सुन्न चाउ एनलाईले आतुरी देखाए । तर अर्कोपट्टि बिस्तारै भारतमाथि आक्रमण गर्ने उपायहरू पनि खोजी निकाले र नै सन् १९६२ मा भारत-चीन युद्ध छेडियो ।

विश्वस्तरमा आफ्नो प्रभुत्व जमाउने प्रक्रियामा अमेरिकाका निम्ति चीन बाधक र चीनका निम्ति अमेरिका अडचन भएपछि दुई राष्ट्रबीच कूटनीतिक होडबाजी र खिचातानी अति नै उग्र रूपमा अघि आयो । अमेरिकाले चीनलाई रोक्न तीन-चारवटा प्रभावशाली हतियार चलायो । प्रथमतः, चीनलाई उसकै झ्यालढोकामा रोक्नुपर्छ भन्दै उसका छिमेकी राष्ट्रहरूसँग सैन्य एवं अन्य साँठगाँठ अघि बढायो । जापान, दक्षिण कोरिया, भियतनाम, कम्बोडिया, लाओस, बर्मा, इन्डोनेसिया आदिसँगसँगै भारत र दक्षिण एसियाका राष्ट्रहरूलाई समेत अँगाल्न थाल्यो । अमेरिकाको भारतविरोधी नीति देखेपछि नै भारतले सन् १९७२ मा सोभियत संघसँग मैत्री भावको सम्झौतामा हस्ताक्षर गरेको थियो । तिनताक चीन विश्वहोडबाजीमा आएकै थिएन । तर गत दुई दशकमा जब चीन विश्वहोडबाजीको मञ्चमा आउन थाल्यो, अमेरिकाले अतालिएर भारतसँग नजिक आउने हर किसिमको प्रयत्न गर्न थाल्यो । नेपालमा अमेरिकाले ल्याएको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) परिकल्पना-परियोजनालाई पनि चीनलाई झ्यालढोकामै रोक्ने अभियानको अंग मान्न सकिन्छ । सन् १९६० को दशकमा युद्धमा हजारौं मानिस मारेको त्यही भियतनामसँग अमेरिकाले नत्र किन सुमधुर सम्बन्ध बनाउँथ्यो ? भियतनाम दक्षिण चीन सागरनजिक नभएको भए त्यहाँ अमेरिका पुनर्निर्माणका निम्ति भनेर फेरि पस्ने थियो होला र ?

दोस्रो, चीनलाई अझै पर सागर-समुद्रमा रोक्न र आयात-निर्यातमा बाधा दिन अमेरिकाले नै इन्डो-प्यासिफिकको नीति अघि ल्यायो । जापान र भारत आआफ्नै राष्ट्रिय सुरक्षाका दृष्टिले यस अनौपचारिक झुन्डमा प्रवेश पनि गरे । तेस्रो, चीनको आर्थिक विकासको मूल खाँबो त्यहाँबाट विश्वबजारमा गरिने निर्यातमै विभिन्न प्रतिबन्ध लगाएर अमेरिकाले उसको आर्थिक वृद्धिलाई रोकथाम गर्ने प्रयास जारी नै राखेको छ । यसो गर्दा अमेरिकाले आफ्नै छत्रछायामा आफैं सुहाउँदिलो बनाएका विश्व व्यापार संगठन (डब्लूटीओ) आदिलाई समेत दिशाहीन बनाउने दुष्प्रयास गरी नै राखेको छ । टेक्नोलजी क्षेत्रमा अझै अघि नबढोस् भनेर चीनमाथि अमेरिकाले हर प्रकारको प्रतिबन्ध लगाउने प्रयास अर्को गहकिलो पक्ष भई अघि आएको छ । चौथो, अमेरिकाले सोचेको थियो आर्थिक विकासले जरा गाडेपछि चीन पनि सोभियत संघजस्तै भित्रैबाट फुटेर टुक्राटुक्रा हुन्छ भनेर, तर त्यसो भएन । यसै सिलसिलामा अमेरिकाले विश्वका कुनाकुनामा चीनलाई बदनाम गर्न विभिन्न चर्चा-विवाद छेड्दै आएको छ । मानव अधिकार हननदेखि हङकङमा प्रजातन्त्रवादीमाथि हिंसात्मक उत्पीडनसम्म र ताइवानदेखि बीआरआई अन्तर्गत ऋण लिएका राष्ट्रहरूमा आएको अस्थिरता र विषमतासम्म सबै एकैसाथ अघि ल्याएको छ ।

चीनले पनि ठाडै छोप्ने मनोभाव देखाउन थालेको छ । अमेरिकाको खुला रंगभेद नीति र कार्यप्रणाली, जबरजस्ती विश्वकै प्रवक्ता हुने दुस्साहस, चारैतिर सैन्य हमला गरेर अस्थिरता फैलाउने प्रवृत्ति, अनेक बहुराष्ट्रिय कम्पनी पठाएर गरिने सानाठूला राष्ट्रहरूका बजार व्यवस्थाको शोषण, सबैलाई कि त अनुदान कि धम्की देखाएर किन्ने नीतिलाई चीनले आफ्नो अमेरिकाविरुद्धको विदेशनीति एवं कूटनीतिमा राम्ररी बटारिदिएको छ । गुगल, फेसबुक, ट्वीटर आदि सामाजिक सञ्जालमाथि पूर्ण नियन्त्रण गरेको छ ।

अमेरिकाका विदेशमन्त्री एन्टोनी ब्लिन्केन र राष्ट्रिय सुरक्षा सल्लाहकार ज्याक सुलिभान एकातिर, चीनको सर्वोच्च स्थानमा रहेका कूटनीतिज्ञ याङ जिची अनि विदेशमन्त्री वाङ यी अर्कातिर । अति नै चाखलाग्दो र गम्भीर कूटनीति आदान-प्रदान हुँदै छ । चीनले आफ्ना कूटनीतिज्ञहरूलाई लगभग ब्वाँसो मार्ने व्यक्तिहरू (वुल्फ वारियर) मै परिणत गऱ्यो, उता अमेरिकाले अतालिएर अनेक पाइला सोच्न थाल्यो । र नै राष्ट्रपति बाइडेन आउनासाथ हार्वर्ड विश्वविद्यालयका चाइना वर्किङ ग्रुपका तीन विशिष्ट सदस्य विद्वान्हरू ग्राहम एलिसन, एलिसा रेसर अनि करिना बार्बेसिनोले 'द ग्रेट डिप्लोम्याटिक राइभल्री : चाइना भर्सेस द युएस' शीर्षक चालीस पृष्ठको रिपोर्ट प्रस्तुत गरेर चीनको कूटनीतिक प्रणाली र रणनीतिमा कस्तो परिवर्तन आएको छ भन्ने तथ्यहरू विश्लेषण गरेका छन् । भर्खरै, सन् २०२२ मै प्रकाशनमा आएको यो रिपोर्टमा चीनले कसरी विदेशनीति, कूटनीति र कूटनीतिज्ञहरूबारे आफूलाई सक्षम बनायो भन्ने तथ्यहरू अघि ल्याइएका छन् । चीनले धेरै शिखर सम्मेलन आयोजित गऱ्यो, अनेक राष्ट्राध्यक्षसँग प्रत्यक्ष वार्ता गऱ्यो, अनेक नयाँ दूतावास र कन्सुलेट खोल्यो, धेरै अन्तर्राष्ट्रिय संस्थाहरूका शीर्ष स्थानमा आफ्ना नागरिक पठायो, नयाँ प्रकारका कूटनीतिक प्रशिक्षण केन्द्रहरू बनायो, कूटनीतिक पेसासम्बद्ध व्यक्तिहरूको संख्या धेरैमाथि पुऱ्यायो, अनि विदेशनीतिलाई बहुआयामिक बनायो । उता अमेरिकामा भने पारम्परिक संस्थाहरू नै हावी छन् र विदेशनीतिका सोच, प्रकृति र कार्यक्षमता पनि ।

आजका चिनियाँ कूटनीतिक अधिकारीहरूका खाता-किताब नै अलग ढंगमा बनाइएका छन् भन्छ उक्त रिपोर्ट । हिजोसम्म अमेरिकाले भनेका कुरा सबैजसोले सुन्थे, नमाने पनि । आज चीनले मान्ने त कुरै छैन, सुन्न पनि मान्दैन । चीनलाई लाग्छ- अमेरिकाले विश्वको व्यवस्थापनका लागि सन् १९४० को दशकमा संयुक्त राष्ट्रसंघ, डब्लूटीओ आदिमा जति पनि उदारवादी नियम-कानुन बनायो, अहिले आफूलाई नसुहाएको र फाइदा नपुगेको भन्दै ती सबैको एक्लो रूपमा उल्लंघन गर्दै छ । र अब चीनले यस्ता नियम-कानुनको जगेर्ना एवं संवर्द्धन आफ्नै नेतृत्वमा गर्ने प्रस्ताव पनि राख्दै छ । अमेरिका र चीनबीच भइरहेको संघर्ष, खिचातानी र प्रतिशोधरूपी होडबाजीमा नरमपना ल्याउने; ठीक दिशानिर्देश गर्ने र विश्वमा स्थिरता, शान्ति र विकासको दुन्दुभि बजाउने अभिभारा भारत र अन्य राष्ट्रमा आइपरेको छ । भर्खरै जी-२० को अध्यक्षको अभिभारा पाएको भारतले त्यस सन्दर्भमा अहं भूमिका निभाउन विश्वस्तरकै परिकल्पना र कार्यक्रमहरू ल्याउने आशा सबैले साँचेका छन् ।साभार : कान्तिपुर

## आफैं......

कम्युनिस्ट पार्टीहरूले ल्याउने वास्तविक सिटसंख्या अहिलेकै हाराहारी हुन जान्थ्यो ।

नाफा-घाटा

यो निर्वाचनबाट नेकपा एमालेले देशव्यापी लोकप्रिय मत सबैभन्दा बढी ल्याएर आफ्नो श्रेष्ठता एक हदसम्म कायम गरेको छ । अघिल्लो पटकभन्दा ६ प्रतिशत कम मत ल्याएर पनि २७ प्रतिशत मतका साथ एमाले सबैभन्दा बढी लोकप्रिय मत पाउने दल बनेको छ । वास्तविक परीक्षण प्रतिनिधिसभा या प्रदेशसभामा प्राप्त सिटसंख्याबाट हुने भए पनि एमाले मधेश प्रदेशबाहेक सबै प्रदेशमा लोकप्रिय मतमा अघि रहेको र देशभर जनसमर्थनमा अगाडि रहेको निर्वाचनले देखाएको छ । केही प्रदेशमा गठबन्धन गरेर प्रदेश सरकार बनाउने सम्भावना पनि एमालेले बोकेको छ । विभाजनले थिलथिल्याएको र राजनीतिक रूपमा एक्लिँदै गएको अवस्थामा पनि मतदातामा रहेको एमालेको यो 'मिलिट्यान्सी' अरूका लागि आरिस गर्ने खालको छ । कांग्रेसले एमालेका तुलनामा बढी मत गुमाएको छ, मतभार ३३ प्रतिशतबाट घटेर २६ प्रतिशतमा झरेको छ । सिटसंख्या बढेको त छ तर त्यसलाई उल्लेख्य मान्न सकिन्न । माओवादी केन्द्रको सिटसंख्या ह्वात्तै घटेको छ भने मतभार झन्डै २ प्रतिशतले खुम्चिएको छ । यसरी हेर्दा एमालेले राजनीतिक लाभ हासिल गरेको छ, जनमतमा आफू अगाडि रहेको दाबी गर्ने नैतिक बल प्राप्त गरेको छ । एमालेको राजनीतिक धरातल विस्तार गर्ने आधार कायम देखिन्छ ।

माओवादी केन्द्र २०६४ सालदेखि लागेको ओरालो यात्रामा ब्रेक लगाउन असफल भएको छ । गत निर्वाचनमा प्राप्त सिटका तुलनामा २१ सिट कम जितेको र प्रत्यक्षतर्फ ५० प्रतिशत कममा मात्र विजयी भएको छ । तेस्रो दलका रूपमा संसदीय गठबन्धनमा उसको भूमिका रहने भए पनि वैकल्पिक दल बन्ने सम्भावनामा प्रश्न उठेको छ । एकीकृत समाजवादीले राष्ट्रिय दलको मान्यता पाउन नसकेपछि या त नेता-कार्यकर्ताको पलायनबाट कमजोर हुँदै जानु या माओवादी केन्द्र या एमालेसँग एकता गर्नुबाहेक माधव-झलनाथसँग अर्को विकल्प बाँकी रहनेछैन । जनताले एमालेबाट विभाजित भएर जानेलाई पनि पत्याएनन्, विभाजनको वातावरण बनाउने एमालेको नेतृत्वलाई पनि सहज रूपमा लिएनन् । एमालेले निर्वाचनबाट आफूलाई दोस्रो विकल्पका रूपमा उभ्याउन सके पनि आउने पाँच वर्षका लागि अरूको सहाराबिना राष्ट्रिय राजनीतिका कार्यसूची निर्धारण गर्न नसक्ने अवस्थामा धकेलिएको छ । यसरी नेपालका कम्युनिस्ट पार्टीहरू पाँचै वर्षको अन्तरालमा देशको मुख्य राजनीतिक शक्ति र सत्ता सञ्चालकको हैसियतबाट झरेर कमजोर खेलाडीमा परिणत भएका छन् ।

सम्भावना

फेरि पुरानो कुरा जोडौं । २०७४ सालको निर्वाचनपछि प्रधानमन्त्री, राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख, राष्ट्रिय सभा अध्यक्ष र उपाध्यक्ष, सातमध्ये ६ वटा प्रदेशका मुख्यमन्त्री र सभामुखहरू, क्रमशः सातै प्रदेशका प्रमुखहरू, प्रज्ञा प्रतिष्ठानहरू, योजना आयोग, राजदूतहरू, संवैधानिक आयोगहरू र विश्वविद्यालयहरू जताततै कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ता र शुभेच्छुकहरू निर्वाचित भए; नियुक्ति पाए । दुईतिहाइ स्थानीय तहको नेतृत्व कम्युनिस्ट कार्यकर्ताले गरेका थिए । यस्तो लाग्थ्यो, अब नेपालको संस्थापन पक्ष नै कम्युनिस्टहरूबाट बनेको छ (यद्यपि सत्ताको वैचारिकी उदारवादी खेमाबाहिर थिएन, लाने प्रयास पनि भएको देखिएन) । वैदेशिक मामिलादेखि घरेलु मामिलासम्म कम्युनिस्ट पार्टीबाट निर्देशित थियो । आरम्भमा कम्युनिस्ट समर्थकहरूमा मात्र होइन, आम नागरिकमा र प्रतिपक्षी दलहरूमा समेत कम्युनिस्ट पार्टीको सरकारप्रति आशावाद थियो । शंकाको लाभ थियो । प्रतिपक्ष प्रतिपक्षजस्तो नभएर सानोतिनो भागबन्डामा रमाएर बसेको थियो । तर त्यो अवस्था त्यति लामो समय टिकेन । कम्युनिस्ट पार्टीको आफ्नै भूमिकाका कारणले सबै कुरा तासको घरझैं ढले । कम्युनिस्टहरू सरकार चलाउन अयोग्य छन् भन्ने प्रामाणिक आधार विपक्षलाई उपलब्ध भयो । गठबन्धनका कारण एमालेबाहेकका कम्युनिस्टहरूले पाएको हिस्सा छोडी सबै कुरा बदलिए । कम्युनिस्ट पार्टीहरू नै कम्युनिस्ट पार्टीले बाहेक जसले जिते पनि हुनेजस्तो गरी एकअर्कालाई लघार्न कस्सिएर लागेपछि जस्तो हुनुपर्थ्यो, त्यस्तै भयो । वाक्क भएका जनताले स्थापित दलबाहिरबाट आफ्नो प्रतिनिधि चयन गर्न रुचि देखाए । यो एउटा संकेत हो दलहरूको अधोगतिको र कम्युनिस्ट पार्टीका लागि चेतावनी पनि ।

अब निर्वाचनको भावनात्मक आवेग र एकअर्कालाई देखाइदिने ध्वाँस सेलाएपछि यसको लेखाजोखा गर्नुपर्ने समय आएको छ । गएको स्थानीय तह निर्वाचनपछि एमालेमा वाम एकताको चर्चा चल्न थालेको थियो । संसदीय निर्वाचनअघि वाम एकता सम्भव थिएन, गर्न हुने पनि थिएन । अब सबैको शक्ति परीक्षण भएको छ । कसैले पनि एकअर्कालाई न त निमिट्यान्न पार्न सके न एक्लै निर्णायक बन्न सके । लामो सयम पञ्चायतसँग लडेका, जनयुद्ध हाँकेका, गणतन्त्र ल्याएका या संघीयतासहित समावेशी र समानुपातिक प्रतिनिधित्वका आधारमा राज्य पुनःसंरचना गर्ने कामको अगुवाइ गरेका नेताहरू प्रचण्ड, ओली, माधव लगायतको नेतृत्वमै गत निर्वाचनमा शक्ति आर्जन गरेका कम्युनिस्ट पार्टीहरूको यो स्तरको स्खलन र क्षयीकरण पनि उनीहरूकै नेतृत्वमा भएको छ । इतिहासको संक्रमणकालमा रहेका यी नेताहरूको अबको जिम्मेवारी हो- नेपाली जनताको त्याग र बलिदानसँग जोडिएर, संघर्ष गरेर स्थापित भएको कम्युनिस्ट शक्तिलाई उनीहरूले कम-से-कम २०७४ सालकै हैसियतमा पुग्ने गरी नेतृत्व गर्नु । नसक्ने हो भने नयाँ नेतृत्वका लागि मार्गप्रशस्त गर्नु ।

यसका लागि मोर्चा, गठबन्धन, एकता या सहकार्यको जुनसुकै मोडल अपनाउन सकिन्छ । सँगै यस्तो मोर्चा या सहकार्य कार्यसूचीकेन्द्रित हुन जरुरी छ । तुष्टीकरण र बदलाका भावनाले, क्षणिक लाभ र व्यक्तिगत या गुटगत स्वार्थमा आधारित भएर गरिने सहकार्यको नतिजा देखिइसकेको छ । त्यसैलाई दोहोऱ्याउनुको औचित्य हुँदैन । यसका लागि तीनवटा विषयमा ध्यान दिनु जरुरी छ- वर्तमान संविधानको सीमाभित्रैबाट नेपालको राजनीति, अर्थतन्त्र र समाजमा गरिने क्रान्तिकारी सुधारका कार्यभार तय गर्नु जसले कम्युनिस्ट पार्टीलाई गतिशील भविष्यमुखी शक्ति बनाउँछ । दोस्रो, दलहरूलाई बढी गतिशील बनाउनु र नयाँ पुस्ताले भरोसा गर्ने गरी उनीहरूका बीचमा विचारधाराको काम गर्नु । तेस्रोचैं, नेतृत्व हस्तान्तरणलाई सहज बनाई प्रजातान्त्रिक पद्धति र विधिका माध्यमबाट हरकोहीलाई पार्टीमा स्पेस बनाउन, प्रतिस्पर्धा गर्न, श्रेष्ठता साबित गर्न मौका दिनु । यति कार्यसूचीका आधारमा सहकार्य भयो भने कम्युनिस्ट पार्टीहरूले शक्ति आर्जन गर्न सक्छन् । सहकार्य तत्काल नहुन सक्छ, तर तीन वर्षपछि पनि कार्यसूची यिनै हुन् । सच्चिने उपाय र समय छ । शक्ति आर्जन गरेर फेरि राज्य चलाउने कि मरीचझैं खुम्चिने भन्ने छनोट सम्बन्धित दलका दोस्रो र तेस्रो पुस्ताका नेताहरूले नै गरून् ।सभार इकान्तिपुर

## कोभिड .........

कृषि औजार कारखाना सञ्चालनका लागि सरकारसमक्ष पहल गर्ने उद्योगीहरूले नेताहरूबाट अपेक्षा गर्दै आएका छन् । वीरगन्ज-पथलैया औद्योगिक करिडोरमा सम्भावित आगलागीजस्ता घटनालाई न्यूनीकरण गर्न एक थान रसायनयुक्त वारुणयन्त्र उपलब्ध गराउनुपर्ने माग उनीहरूले लामो समयदेखि राख्दै आएका छन्।

औद्योगिक करिडोरमा उद्योगको अवस्था कस्तो छ ?

'वीरगन्ज-पथलैया औद्योगिक करिडोर' नेपालकै सबैभन्दा बढी लगानी भएको औद्योगिक करिडोरको रूपमा रहेको उद्योगीहरू बताउँछन्। 'वीरगन्ज-पथलैया औद्योगिक करिडोर'मा साना, मझौला र ठूला गरी करिब सात-आठ सय उद्योग सञ्चालनमा रहेका वीरगन्ज उद्योग वाणिज्य संघले जनाएको छ।

संघका प्रशासकीय अधिकृत मनोज उपाध्यायका अनुसार छिटफुट रूपमा ५-६ प्रतिशत उद्योग केही कारणले बन्द छन्। उनले यो औद्योगिक करिडोरले नेपालकै ठूलो औद्योगिक करिडोरको पहिचान बनाएको बताए। यस औद्योगिक करिडोरले प्रत्यक्ष रूपमा ५० हजारभन्दा बढी व्यक्तिलाई रोजगारी दिएको उपाध्यायको दाबी छ। यस्तै, यसले राज्यको अर्थतन्त्रमा करिब ४५ देखि ५० प्रतिशत कर तिर्दै आएको उनको भनाइ छ। एक लाख ५० हजार मानिसलाई अप्रत्यक्ष रोजगारी दिएको छ।

नेपालको कुल लगानीमध्येका ७० प्रतिशतभन्दा बढी लगानी यही औद्योगिक करिडोरमा रहेको छ। नेपालकै सबैभन्दा बढी लगानीको फलाम, सिमेन्ट र औषधि उद्योग यही क्षेत्रमा रहेका छन्।

वीरगन्ज-पथलैया करिडोर मुलुककै प्रमुख करिडोर रहेकाले आवश्यक सम्पूर्ण सेवा-सुविधासहितको औद्योगिक करिडोरको घोषणा गर्न उद्योगीहरूको आग्रह छ।

उद्योगीहरूको मुख्य समस्या ?

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पाँचौंपटक प्रधानमन्त्री बनेको वेला वीरगन्ज उद्योग वाणिज्य संघका पदाधिकारीले ०७८ फागुन २८ मा भेटेर विभिन्न माग राख्दै ज्ञापनपत्र बुझाएका थिए।

त्यसवेला उनीहरूले सरकारले स्थापना गरिएको औद्योगिक सुरक्षा बलले वीरगन्ज-पथलैया औद्योगिक करिडोरका उद्योगी व्यवसायीहरू सुरक्षित नै महसुस गरे पनि निजी क्षेत्रसँग छलफल नै नगरी खारेजी गरिएकोमा असन्तुष्टि जनाउँदै औद्योगिक सुरक्षा बल पुनर्स्थापना गर्न माग गरेका थिए।

राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको तराई-काठमाडौं द्रुतमार्गको निर्माण, निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण समयसीमा तोकेर नै सम्पन्न गर्न, वीरगन्ज नाकाबाट दिनहुँ लाखौं यात्रु आवागमन गर्ने भएकाले वीरगन्ज-रक्सौल बोर्डरलाई 'ह्याप्पी बोर्डर'को रूपमा विकास गर्नुपर्ने व्यवसायीहरूको माग राखे। सोही माग यस क्षेत्रका सांसदले पूरा गराउन पहल गरिदिनका लागि आग्रह गर्दै आएका छन्। तर, यो समस्या समाधानमा पहल गर्न सांसदहरू चुक्दै आएका उनीहरूको आरोप छ।

परम्परागत कृषि कर्मले उत्पादकत्व वृद्धि र कृषिको व्यवसायीकरण सम्भव नहुने भएकाले मोडेल फार्मिङ र छिमेकी मुलुकले गरेको कृषिका नयाँ प्रयोग र अभ्यासलाई नेपालको कृषिक्षेत्रमा पनि लागू गर्न पहल गर्न तथा मधेस प्रदेशमा एउटा कृषि विश्वविद्यालय स्थापना गरी त्यसलाई भारत बिहारको 'पुषा कृषि विश्वविद्यालय'सँगको समन्वय र सहकार्यमा सन्चालन गर्न आग्रह गरे। सनभारः नयाँ पत्रिका

## रेडियो....

उनका अनुसार वीरगंजका क्रियाशील पत्रकार नरेश सर्राफ तथा मधेश मिडिया काउन्सिलका अध्यक्ष एवं नेपाल पत्रकार महासंघ सप्तरी शाखाका सँस्थापक अध्यक्ष शिवहरि भट्राईको निधन भएकोले सञ्चार जगतमा ठुलो क्षति भएको कारण प्रत्येक वर्ष भव्यताका साथ गरिँदै आएको साँस्कृतिक कार्यक्रम स्थगित गरिएपनि आन्तरिक रुपमा अन्य कार्यक्रमको आयोजना गरि बार्षिकोत्सव भव्य रुपमा मनाउने तय गरिएको बताए ।

यसका साथै रेडियो वीरगंज र समाजवादी प्रेस संगठन पर्साको संयुक्त आयोजनामा यही मंसिर २५ गते विहान ८ बजे स्व. पत्रकार नरेश सर्राफको स्मृत्तिमा श्रद्धान्जलीसभाको समेत आयोजना गरिने अध्यक्ष साहको भनाई छ । उनका अनुसार सर्राफले पर्सेली समाजप्रति पुऱ्याएको योगदानलाई कदर गर्दै उनले छाडेर गएका अधुरा कार्यहरुलाई पुरा गर्नुका साथै उनका परिवारलाई रेडियो वीरगंज एवं समाजवादी प्रेस संगठनको तर्फबाट केही आर्थिक सहयोग पनि हस्तान्तरण गरिने बताए ।

## पत्रकार......

**खालको भएको अध्यक्ष तिवारीले बताए । सत्यको पक्षमा कलम चलाउने व्यक्ति गुमाएकोमा उनले दुःख व्यक्त गरेका छन् ।**

**वीरगञ्ज उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष अनिल पटवारीले पनि उनको योगदानको स्मरण गरे । सर्राफको निधन अविश्वसनीय र अकल्पनीय भएपनि मृत्यु ध्रुबसत्य कुरा भएको उनको भनाई छ ।**

**तर अल्पायुमै उनको निधनले सबैलाई दुखित तुल्याएको पनि उनले बताए । समाजवादी प्रेस संगठन पर्साका अध्यक्ष मनोज पटेलले सर्राफको आत्माको चिर शान्तिका लागि उनले देखेका सपनाहरु पर्सेली पत्रकारिता जगतले पुरा गर्नु पर्ने बताए ।**

**प्रेस चौतारी पर्साका सह-संयोजक तुलसी भण्डारीले स्व.पत्रकार सर्राफले देखाएको बाटोमा हिडन सके मात्र उनीप्रती सच्चा श्रद्धाञ्जली हुने बताए । श्रद्धाञ्जली सभामा सहभागी पत्रकार तथा विभिन्न संघसंस्थका प्रतिनिधिहरुले स्वर्गीय सर्राफको तस्वीरमा माल्यार्पण गर्दै उनीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेका थिए । कार्यक्रमको सहजीकरण क्रियाशील युवा पत्रकार मञ्चका आंनद पटेलले गरेका थिए ।**

**नेपाल पत्रकार महासंघ पर्साका जिल्ला कार्य समिति सदस्य समेत रहेका ३८ बर्षिय पत्रकार सर्राफको मंसिर १५ गते निधन भएको थियो ।**

# सवारी कर्जालाई सरल र सस्तो बनाउन माग गर्दै व्यवसायी आन्दोलित



काठमाडौं। सवारीसाधन व्यवसायीहरुले माइतीघर मण्डलामा धर्ना दिएका छन् । बिहीबार नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालको आयोजानमा अटो व्यवसायीहरुले सवारी साधनहरुको आयात खुलेपनि राष्ट्र बैंकको नीतिका कारण गाडी बिक्री गर्ने वातावरण नभएको बताए ।उनीहरुले सरकारसँग व्यवसायीमैत्री नीति ल्याउन पनि माग गरेका छन्। अटो व्यवसायीहरुले अगाडि सारेका मागहरु सरकार र राष्ट्र बैंकले पूरा नगरेसम्म आन्दोलन जारी राख्ने चेतावनीसमेत दिए ।धर्ना कार्यक्रममा नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका अध्यक्ष ध्रुव थापाले सवारी आयात गर्न खुला भएपनि एलसी खोली गाडी आयात गर्न ५० प्रतिशत नगद मार्जिन कायम रहेकाले मार्जिन हटाउनु पर्ने बताए ।गाडी आयात खुला गरेपनि ५० प्रतिशत मार्जिन, ५० प्रतिशतमात्रै फाइनान्सिङ गर्न पाइने व्यवस्थाले अटो व्यवसायीहरु मारमा परेको भन्दै उनले नगद मार्जिनलाई पुरानै अवस्थामा ल्याउनुपर्ने र ८० प्रतिशत फाइनान्सिङ गर्न बनाउनुपर्ने माग रहेको बताए ।सरकारले गाडी आयात गर्न दिने निर्णय भएपनि प्रतिबन्ध गर्नुभन्दा पहिला लागू गरिएका सबै व्यवस्था हटाउनुपर्ने पनि बताए । सरकाले गाडीको आयात खुलेपनि अहिलेकै बैंक ब्याजदरमा कसैले गाडी खरिद नगर्ने उनको गुनासो छ । अध्यक्ष थापाले ब्याजदर उच्च रहेको र ५० प्रतिशत मात्रै फाइनान्सिङ हुने अवस्थामा गाडी बिक्री नै नहुने बताए । आयात खुल्ला भएपनि तत्काल गाडी ल्याउनसक्ने अवस्था नभएको बताए ।अध्यक्ष थापाले शान्तिपूर्ण धर्ना तथा दबाव मुलुक कार्यक्रम गर्दा सरकारले अटो व्यवसायीहरुका मागलाई सम्बोधन नगरे थप आन्दोलन गर्ने चेतावनी दिए । उनले नाडाले अटो व्यवसायीहरुको हकहितको लागि चरणवद्ध आन्दोलन गरेको बताए ।उनले सरकारको अटो व्यवसायीमैत्री नीति बनाउन नसक्दा गाडीका शोरुमहरुमा हुनुपर्ने व्यवसायीहरु सडकमा आउनुपर्ने अवस्था आएको बताए ।राष्ट्र बैंकले बनाएका नीतिहरु व्यवसायीहरुले गरिखान दिन खालको नभएको भन्दै उनले बजारमा तरलता अभाव, ब्याजदर वृद्धि जस्ता समस्या भएको अवस्थामा सहुलियत दिनुपर्ने ठाउँमा व्यवसाय गर्ने वातावरण नदिएको गुनासो गरे ।राष्ट्र बैंकले अटो क्षेत्रको कर्जामा जोखिम भारलाई १५० प्रतिशत पुर्‍याएको छ । व्यवसायीले पुरानै अवस्थामा अर्थात् ७५ प्रतिशत नै कायम गरिनुपर्ने माग गरेका छन् । कोभिड-१९ तथा आयात प्रतिबन्धका कारण लामो समयदेखि थला परेको अटोमोबाइल व्यवसायको पुनरुत्थानका लागि कर्जामा पुनर्तालिकीकरण तथा ब्याजदरमा विशेष सहुलियतको व्यवस्था गरिनुपर्ने अटो व्यवसायीको माग छ ।नेपाल राष्ट्र बैंकद्वारा जारी चालु पुँजी कर्जा मार्गदशर्न, २०७९ तत्कालका लागि स्थगित गर्न पनि उनीहरुको माग छ । शतप्रतिशत नगद मार्जिन र ५० प्रतिशत नगद मार्जिन राखेर प्रतित पत्र खोल्नुपर्ने व्यवस्थालाई पहिलेकै अवस्थामा ल्याउनुपर्ने पनि माग अघि सारिएको छ ।बैंकहरुको तरलता अभावलाई सहज बनाउन सिडी रेसियोलाई पुनरवलोकन गर्नुपर्ने, बैकहरुबाट सवारी साधनको हायर प्रचेज लोन स्वीकृत भएपश्चात जारी गरिने डेलिभरी ओर्डर (डीओ) बापतको भुक्तानी समयावधि सवारीसाधन बैंकको नाममा नामसारी भएको एक हप्ताभित्र गरिनुपर्ने माग पनि छ ।बैंकहरुबाट निजी सवारी साधनको हायर प्रचेज लोन प्रवाह गर्ने प्रक्रियामा लोन टु भ्यालु रेसियोको हालको सीमा ५० प्रतिशतबाट वृद्धि गरी ७० प्रतिशत कायम गर्नुपर्ने, पुनर्कर्जा नवीकरण गर्ने म्याद एक वर्षको लागि थप गरिनुपर्ने, कोभिड तथा आयात प्रतिवन्धका कारण लामो समयदेखि थला परेको अटोमोबाइल व्यवसायको पुनरुत्थानका लागि कर्जामा पुनर्तालिकीकरण तथा ब्याजदरमा विशेष सहुलियतको व्यवस्था गरिनुपर्ने माग रहेका छन् ।‘जसले कर तिर्छ, उसैलाई पेल्छ, बैंकले अपमान गर्छ, सरकार ब्याजदर कहिले घट्छ’ जस्ता नारा लेखेका प्लेकार्ड बोकेर व्यवसायी आन्दोलित भएका छन् ।

# ग्यालेक्सी टुर्नामेण्ट क्रिकेट प्रतियोगिता सुरू, मेयर सिंहले गरे उद्घाटन

वीरगञ्ज - वीरगञ्जको ग्यालेक्सी स्कुलको आयोजनामा बिहीबारबाट ग्यालेक्सि टुर्नामेण्ट क्रिकेट प्रतियोगिता सुरु भएको छ ।आदर्शनगर रंगशालामा सुरु भएको प्रतियोगिताको वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले उद्घाटन गरेका हुन् ।

मेयर सिंहले आफ्नो र आफ्नो ठाउँको पहिचान बढाउन खेलकुदको महत्वपूर्ण भुमिका रहने भएकाले पढाइसँगै खेलमा पनि लगाव राख्न विद्यार्थीहरुलाई आग्रह गरे ।खेललाई नै भविष्य वनाएर लागेकाहरुले मेहनतका साथ अभ्यास गर्दै अघि बढ्न आग्रह गर्दै उनले खेलकुदको प्रवर्द्धन महानगरले पनि गर्ने बताए ।प्रतियोगितामा वीरगञ्जका ११ वटा र कलैया बाराको ५ वटा गरि १६ वटा स्कुलको सहभागिता रहेको आयोजक ग्यालेक्सी स्कुलका अमीत सिंहले जानकारी दिए ।२९ गतेसम्म चल्ने अन्तर स्कुल प्रतियोगिताका बिजेता र उपविजेता स्कुलले ट्रफी र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जानकारी दिएको छ ।



# मधेस प्रदेश सत्ताको चाबी मधेसवादी दलकै तरवतामा

वीरगन्ज । देशैभर एकै चरणमा सम्पन्न आम निर्वाचनको मतपरिणाम सार्वजनिक भएसँगै मधेश प्रदेशमा सरकार गठनका लागि संसदीय जोड घटाउ शुरु हुन थालेको छ ।

मधेस प्रदेशमा मधेसवादी दल तुलनात्मक रूपमा कमजोर भए पनि सरकार गठनका लागि यी दलको भूमिका महत्वपूर्ण हुने देखिएको छ। १०७ सदस्यीय मधेस प्रदेशमा बहुमतका लागि कम्तीमा ५४ सांसदको समर्थन आवश्यक हुन्छ ।प्रदेशसभामा नेकपा (एमाले)ले प्रत्यक्षतर्फ १५ र समानुपातिकमा ८ गरी २३ सांसदसहित पहिलो दलको हैसियत बनाएको छ । नेपाली कांग्रेस भने प्रत्यक्षतर्फ १३ र समानुपातिकमा ९ गरी २२ सांसदसहित दोस्रो हैसियतमा छ । कांग्रेस र एमाले विपरीत ध्रुवमा रहेर गठबन्धनसहित चुनावमा सहभागी भएका थिए । त्यस आधारमा यी दुई दल मिलेर सरकार गठन हुने सम्भावना न्यून छ । कांग्रेस र एमाले विपरीत ध्रुवमा रहँदा यी दलको पक्ष र विपक्षमा कुन-कुन दल कसरी ध्रुवीकृत हुन्छन् भन्ने विषयले नै मधेस प्रदेशमा कसले सरकार बनाउँछ भन्ने निर्धारण गर्ने कुरा यहाँको राजनीतिक बृत्तमा चर्चा छ ।

मधेसवादी दलका रूपमा रहेको जनमत पार्टीले प्रत्यक्षतर्फ ६ र समानुपातिकमा ७ सिटसहित जम्मा १३ सिट जितेको छ। यस्तै, जसपा नेपालले प्रत्यक्षमा ९ र समानुपातिकमा ७ सहित १६ सिट जितेको छ । लोसपा नेपालले भने प्रत्यक्षमा ७ र समानुपातिकमा २ गरी जम्मा ९ सिट जितेको छ । सत्ता गठबन्धनमा रहेको माओवादी केन्द्रले प्रत्यक्षमा ४ र समानुपातिकमा ४ गरी जम्मा ८ सिट पाउँदा अर्को घटक नेकपा ( एकीकृत समाजवादी)ले प्रत्यक्षमा ४ र समानुपातिकमा ३ सिट गरी जम्मा ७ सिट पाएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल संघीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीले मधेस प्रदेशसभामा एक-एक सिट पाएका छन् भने ६ जना स्वतन्त्र निर्वाचित भएका छन् ।

यो संसदीय अंकगणितबाट सत्तारुढ गठबन्धनको पक्षमा बहुमत जुटाउन गठबन्धन बाहिर रहेका दललाई पनि साथ लिन आवश्यक हुन्छ । कांग्रेसको २२, माओवादी




केन्द्रको ८, एकीकृत समाजवादीको ७ र लोसपा नेपालको ९ गरी सत्तारुढ गठबन्धनसँग जम्मा ४६ सांसद हुन्छन् ।

बहुमतका लागि यो गठबन्धनलाई थप ८ सांसद आवश्यक हुन्छ। यी ८ सांसद जुटाउन सत्ता गठबन्धनले १३ सांसद रहेको जनमत पार्टी वा १६ सांसद रहेको जसपा नेपालको साथ लिनुपर्ने अवस्था छ। यस्तै, एमाले नेतृत्वको गठबन्धनमा जसपा नेपाल कायम रहेको अवस्थामा एमालेको २३ र जसपा नेपालको १६, राप्रपाको एक गरी जम्मा ४० सांसद हुन्छन् ।

बहुमतका लागि कम्तीमा १४ सांसद यो गठबन्धनका लागि अपुग हुन्छ । यस्तो अवस्थामा १३ सिट रहेको जनमत पार्टीका अतिरिक्त एक सिट रहेका नेपाल संघीय समाजवादी र नागरिक उन्मुक्ति पार्टी मध्ये कुनै एकको समर्थन लिनुपर्ने हुन्छ। स्वतन्त्र निर्वाचित भएकामध्येबाट पनि एमालेले विकल्पका रूपमा साथ लिन सक्ने अवस्था देखिन्छ ।

मधेस प्रदेशमा मधेसवादी दलहरुमात्र मिलेर सरकार गठन गर्ने सम्भावना भने छैन । मधेसवादी दलमध्ये जनमत पार्टीको १३, जसपा नेपालको १६, लोसपा नेपालको ९ गरी जम्मा ३८ सिट हुन्छ। ६ स्वतन्त्र र अन्य साना दल समेट्दा समेत मधेसवादी दलले सरकार गठनका लागि आवश्यक बहुमत जुटाउन सक्ने अवस्था देखिँदैन ।

हाल भने मधेसमा कांग्रेस र माओवादीको समर्थनमा मुख्यमंत्रीको रूपमा जसपा रहेको छ र यसैका नेता पर्सा निवासी लालबाबु राउत मुख्यउमंत्री रहनु भएको छ । उहाँ पुनः मुख्यमंत्रीमा दोहोरिने इच्छा जनाएको भएपनि जसपाभित्रै विवाद रहेको छ ।

## राष्ट्रिय....

उम्मेदवार र पार्टीका नेताहरुले असन्तुष्टि जनाएका हुन् । सो पार्टीले प्राइमरी इलेक्सनमा धेरै मत ल्याएकाहरूको क्रम मिलाएर बन्द सूची पेश गरेको थियो। प्राइमरी इलेक्सनबाट समानुपातिक पद्धतिका उम्मेदवारको बन्दसूची तय गरिएपनि सो प्रक्रिया मिच्न खोजिएको उम्मेदवारहरुको आरोप छ ।रास्वपाका असन्तुष्ट नेताहरुले पार्टी कार्यालय अगाडि खबरदारी सभा गरेका छन् ।

सो क्रममा रास्वपा सुनसरीका सभापति लालविक्रम थापाले प्राइमरी इलेक्सनमा थोरै मत ल्याएकालाई समानुपातिक सांसद बनाउन खोजेको भन्दै नेतृत्वलाई खबरदारी गरेको बताए । उनले भने, ‘पार्टीको विधि मिच्न मिल्दैन । समानुपातिक सांसद चयनमा चलखेल हुनुहुँदैन । ’बन्दसूचीमा रहेका एक उम्मेदवारले अन्नपूर्णसँग भने, ‘पार्टीमा मोटो रकमको चलखेल गरी प्राइमरी इलेक्सन र बन्दसूचीको क्रम संख्या मिचेर तिथि बसाल्ने कुराको धज्जी उडाउँदै केन्द्रीय समितिले बन्द सूचीमा पछाडि भएका उम्मेदवारलाई सांसद बनाउने दाउमा छन् ।रास्वपाभित्र प्राइमरी इलेक्सनमा आएको मत हेरेर धेरै मत ल्याउने र बन्दसूचीको नामलाई आधार मानेर समानुपातिकतर्फ सांसद पठाउनुपर्ने माग उठे पनि नीति र तिथि बसाल्नेहरू माथि नै आशंका पैदा भयो ।’पार्टी प्रवक्ता मुकुल ढकालले समानुपातीक बन्द सूचिमा पेश भएका नामको विषयमा कुनै चलखेल नहुने बताए । उनले केन्द्रीय समिति बैठकले यसबारे थप निर्णय गर्ने बताए । ढकालले भने, ‘प्रकृया बल्ल सुरु भएको छ । पार्टी बिग्रिन्छ कि भनेर हामीलाई सचेत गराउनुभएको हो । बिग्रिनु हुँदैन भनेर खबरदारी भएको हो । समानुपातिकमा चलखेल हुँदैन ।’रास्वपाले समानुपातिक पद्यतीमा १३ सिट पाएको छ। पार्टीको प्राइमरी इलेक्सन र समानुपातिकतर्फ बन्दसूचीमा नाम पठाइएको र समावेशी सिद्धान्तअनुसार मिल्ने गरी १३ जना सांसदमा चयन गर्नुपर्ने हुन्छ। निर्वाचन आयोगले राष्ट्रिय दलको मान्यता पाएकाहरूलाई तीन दिनभित्र समानुपातिक उम्मेदवारको नाम पठाउन भनेको थियो ।

## अनि.....

लत बस्यो। दिनभरि कमाउने रातभरि रमाउने अभ्यासमा लीन हुन थालिन्, सन्तानतिर ध्यान दिइनन्। उनले नदिएपछि ध्यान अरूले नै दिन थाले। उनका श्रीमान् पनि सुरुसुरुमा दिनभरि कमाउने, रातभरि रमाउने गर्थे। पछि कमाउन छोडेर बिहानैदेखि रमाउन मात्र थाले। उनको र परिवारको जीवन सुध्रिने आशामा आफन्तजनले उनलाई सुधार केन्द्रमा पुर्‍याए। अहिले उनी सुधार केन्द्रमै छन्।

उता उनी सुधार हुँदै होलान्, यता परिवारको अवस्था भने उनले नै कोरेको बाटोमा छ। ‘घरको मुली भनेको आमा हो। आमा बिग्रिई भने सन्तानले दुःख पाउँछन् भनेको यही हो’, उनी भन्छिन्, ‘आमा पनि रक्सी खाएर मात्तिने, बाहिरबाट अर्काको लोग्ने आउने, आफू पनि बिग्रिने, छोरीहरूलाई पनि बिगार्ने ...। आफ्नै घर परिवार पाल्न धौ–धौ छ, मैले पनि कसरी पाल्ने तिनीहरूलाई। यहाँ पनि नआइज भनुँ भने बहकिएर कता जालान्। बिचल्ली भो।’ पछि थाहा भो, उनी फुपूको घरमा पनि छैनन्। (गोपनीयताका कारण वास्तविक नाम सुरक्षित राखिएको।) **साभार अन्नपूर्णपोष्ट्**

